आज मिति २०८३।०५।०४ गते विहिबारको दिन यस बाणगङ्गा नगरपालिकाका नगर प्रमुख श्री चक्रपाणी अर्यालज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक बसी तपसिलको कार्यसूचीमा रहेका प्रस्ताव माथि छलफल गरी आवश्यक निर्णय गर्न निम्नानुसारको उपस्थिति रहेको छ ।

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | चक्रपाणी अर्याल | नगर प्रमुख | |
| २ | रीता कुमारी चौधरी | नगर उपप्रमुख | |
| ३ | राज कुमार थारू | का.वा.वडाध्यक्ष वडा नं. १ | |
| ४ | विष्णु प्रसाद पौडेल | वडाध्यक्ष वडा नं.२ | |
| ५ | टेक बहादुर झेडी मगर | वडाध्यक्ष वडा नं.३ | |
| ६ | छविलाल रेश्मी मगर | वडाध्यक्ष वडा नं. ४ | |
| ७ | दुनिका प्रसाद भुसाल | वडाध्यक्ष वडा नं. ५ | |
| ८ | करुण टण्डन | वडाध्यक्ष वडा नं. ६ | |
| ९ | विष्णु गिरी | वडाध्यक्ष वडा नं. ७ | |
| १० | बाबुराम अर्याल | वडाध्यक्ष वडा नं. ८ | |
| ११ | कमल पौडेल | वडाध्यक्ष वडा नं. ९ | |
| १२ | यम प्रसाद पोखेल | वडाध्यक्ष वडा नं. १० | |
| १३ | नरेन्द्र प्रसाद थारु | वडाध्यक्ष वडा नं. ११ | |
| १४ | केशरा गुरुङ्ग | कार्यपालिका सदस्य | |
| १५ | चन्द्रावती थारु | कार्यपालिका सदस्य | |
| १६ | शान्ता पाण्डे | कार्यपालिका सदस्य | |
| १७ | शारदा परियार | कार्यपालिका सदस्य | |
| १८ | कृष्ण कुमार सुनार | कार्यपालिका सदस्य | |
| १९ | डिलबहादुर सुनार | कार्यपालिका सदस्य | |
| २० | पिताम्बर विश्वकर्मा | कार्यपालिका सदस्य | |
| २१ | भक्तिराम मरासिनी | सचिव | |

यम बहादुर खुलाली वडा सदस्य
विक्रम लाल सापकोटा / वडा सदस्य
शैलेन्द्र बेलबासे कार्यवाहक - ८

बाणगङ्गा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाणगङ्गा, कपिलवस्तु

## आ.व.०८३।८४ कार्यपालिका बैठक, मितिः २०८३।०५।०४ गते, बैठक सङ्ख्या २ को प्रस्ताव, कार्यसूची र निर्णयहरू

प्रस्ताव नं. २.१ अघिल्लो कार्यपालिका बैठकका निर्णयहरूको समीक्षा सम्बन्धमा,

प्रस्ताव नं. २.२ आ.व. २०८३।०८४ को योजना तथा कार्यक्रम सञ्चालन सम्बन्धमा,

प्रस्ताव नं. २.३ बाणिज्य नीति, २०८१ कार्यान्वयन सम्बन्धमा,

प्रस्ताव नं. २.४ आन्तरीक आय तथा राजस्व परिचालन सम्बन्धमा,

प्रस्ताव नं. २.५ सडक मर्मत सम्बन्धमा

प्रस्ताव नं. २.६ वैकल्पिक उर्जा कार्यक्रम सम्बन्धमा,

प्रस्ताव नं. २.७ संघीय तथा प्रदेश विशेष कार्यक्रम सम्बन्धमा,

प्रस्ताव नं. २.८ आ.व.२०८३।०८४ को स्वीकृत बजेट तथा कार्यक्रम,

प्रस्ताव नं. २.९ सिमा विवाद सम्बन्धमा,

प्रस्ताव नं २.१० स्वदेशी उत्पादनलाई प्राथमिकता दिने सम्बन्धमा,

प्रस्ताव नं २.११ भूमि सम्बन्धी तथ्याङ्क रुजुको लागि सूचना जारी गर्ने सम्बन्धमा,

प्रस्ताव नं २.१२ पशुपन्छी विकास कार्यक्रम संचालन कार्यविधि, २०७७ सम्बन्धमा,

प्रस्ताव नं. २.१३ LGPAS सम्बन्धमा,

प्रस्ताव नं २.१४ विविध,

*मिति: २०८३।०५।०४ गते, बाणगङ्गा नगरपालिका नगर कार्यपालिका बैठक सङ्ख्या २ का निर्णयहरू*

**प्रस्ताव नं. २.१ अघिल्लो कार्यपालिका बैठकका निर्णयहरूको समीक्षा सम्बन्धमा,**

**निर्णय नं. २.१** अघिल्लो कार्यपालिका आर्थिक वर्ष २०८३।०८४ को प्रथम बैठक रहेको र उक्त बैठकबाट यस आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट कार्यान्वयन कार्ययोजना स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको छ। वार्षिक खरिद योजना स्वीकृत गरिएको छ। Standard Operating Procedure (SOP) स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको छ। नगरको यस चालु आर्थिक वर्षमा निर्माण तथा विभिन्न शाखाबाट खरिद हुने वस्तु तथा सेवाहरूको दररेट स्वीकृत स्वीकृत गरिएको छ। विभिन्न आयोजनाहरूको म्याद थप गरी समयमै सम्पन्न हुने गरी पहल गरिएको छ। LGPAS को प्रगति सम्बन्धमा छलफल भएको र ९० प्रतिशत भन्दा बढी प्राप्ताङ्क हुने गरी अन्तिम तयारी भएको छ। उद्योग शाखा सञ्चालन गर्ने निर्णय भएको छ। खरिद समिति, मूल्याङ्कन समिति र खरिद इकाई गठन भई जिम्मेवारी प्रदान गरिएको छ। विषयगत कार्यक्रमको कार्यक्रम सञ्चालन मार्गदर्शन स्वीकृत भएको छ। एम्बुलेन्स सेवा सञ्चालन कार्यविधि २०७७ संशोधन भएको छ, भूमिको नाप नक्सा र भूमिहिन सुकुम्बासी तथा अव्यवस्थितहरूको फारम रूजु गरिएको छ। सडक बाटोको नक़्साङ्कन गरी सार्वजनिक प्रयोगमा आएका भौतिक संरचनाहरूमा रहेका निजी जग्गाहरूको बाटोको लगत कट्टा गर्न सूचना जारी गरिएको छ। विभिन्न निकायहरूबाट प्राप्त पत्र तथा परिपत्रहरू प्रस्तुत भई छलफल भएको र राष्ट्रिय सदाचार नीति कार्यान्वयन कार्ययोजना बनाई स्वीकृत गरिएको छ। यि विभिन्न क्रियाकलापहरूको अघिल्लो बैठकमा अभिलेखको रूपमा राख्ने निर्णय गरियो।

**प्रस्ताव नं. २.२ आ.व. २०८३।०८४ को योजना तथा कार्यक्रम सञ्चालन सम्बन्धमा,**

निर्णय नं. २.२ सबै शाखा प्रमुखहरूले आ-आफ्नो शाखाबाट सम्पादन गरिने यस आर्थिक वर्ष २०८३।०८४ को योजना तथा कार्यक्रमहरू कार्यान्वयन गर्न स्वीकृत कार्यान्वयन कार्यतालिका अनुसार योजना तर्फ उपभोक्ता समिति गठन तथा खरिद प्रकृया अन्तर्गत ठेक्का आव्हान गर्ने र कार्यक्रम तर्फ कार्यक्रम स्वीकृत गराई सूचना प्रकाशन गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. २.३ बाणिज्य नीति, २०८१ कार्यान्वयन सम्बन्धमा,**

**निर्णय नं. २.३** बाणिज्य नीति, २०८१ को स्वीकृत कार्यान्वयन कार्ययोजना अनुसार कार्ययोजनाको बुँदा नं. ७,३१,७३,९८,९९ १३९, १५२, १५३, १६०, १६२ मा उल्लेखित स्थानीय तहबाट सम्पादन गर्नुपर्ने कार्यहरु कार्ययोजना अनुरुप कार्यान्वयन गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. २.४ आन्तरीक आय तथा राजस्व परिचालन सम्बन्धमा,**

**निर्णय नं. २.४** आन्तरीक आय तथा राजस्व परिचालनको लागी प्रभावकारी बजार अनुगमन गर्ने, घरनक्सा पास कार्यलाई कार्यसरलीकरण गर्दै अनिवार्य बनाउने तथा नागरिकलाई कर शिक्षा प्रदान गर्ने निर्णय गरियो। साथै हालसम्म यस आ.व.मा राजस्व परिचालनबाट रु.१ करोड संकलन भएको रास्वजको विस्तृत समिक्षा तथा छलफल भयो उक्त विवरणलाई सार्वजनिक गरी अभिलेख गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. २.५ सडक मर्मत सम्बन्धमा**

**निर्णय नं. २.५** नागरिकहरुलाई आवतजावतमा सहजता ल्याउन र वर्षादका कारण भत्किएका र खाल्डा खुल्डीका कारण कुनैपनि सडक दुर्घटना नहोउन भन्ने उद्देश्यका साथ मर्मत गर्नुपर्ने अत्यावश्यक ठाउँहरुमा मर्मत सम्भारको लागि गरपालिकाको मेशीनरी औजार प्रयोग गरी सबै वडाहरूको आवश्यकता परेको ठाउँमा बाटोको दायाँ बायाँको झाडी सफाइ गर्ने र बाटो मर्मत गर्ने र मर्मत सम्भारको लागि विनियोजन भएको बजेट शिर्षकबाट सोही कार्यको लागि मेशिनरी सञ्चालनार्थ ईन्धनवापतको खर्च व्यहोर्ने निर्णय गरियो।

**प्रस्ताव नं. २.६ वैकल्पिक उर्जा कार्यक्रम सम्बन्धमा,**

**निर्णय नं. २.६** ईन्डक्सन चुलो, सुधारिएको चुलो प्राप्त गर्न नियमानुसार निवेदन दर्ता गराएका नागरिकहरुलाई वैकल्पिक उर्जा प्रर्द्धन केन्द्र र नगरपालिकाको संयुक्त लगानीमा प्राप्त भए अनुसार लागत सहभागिता रकम लिई उपलब्धताको आधारमा वितरण गर्ने निर्नय गरियो।

| सि.. | वैकल्पिक उर्जा प्रविधि | प्राप्त संख्या | माग संख्या |
|---|---|---|---|
| १ | ईन्डक्सन चुलो | १००० | २४८१ |
| २ | सुधारिएको चुलो | १०८० | १०८० |

**प्रस्ताव नं. २.७ संघीय तथा प्रदेश विशेष कार्यक्रम सम्बन्धमा,**

**निर्णय नं. २.७** संघ तथा प्रदेश विशेष कार्यक्रममा स्वीकृत बजेट कार्यान्वयनको लागि एक घर एक धारा अन्तर्गत तथा घरायसी शौचालय र सार्वजनिक शौचालय निर्माण गर्न लाभग्राही र स्थान छनोटको लागि सूचना प्रकाशन गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. २.८ आ.व.२०८३।०८४ को स्वीकृत बजेट तथा कार्यक्रम,**

**निर्णय नं. २.८** नगरस्तरीय कार्यक्रम सि.नं. ४८५।४८६ नगर भित्रका कालोपत्रे सडक मर्मत सम्भार शिर्षकमा विनियोजित रु.५,५०,००,०००।– (पाँच करोड पचास लाख) प्राविधिक ल.ई. र उपलब्ध स्रोत बमोजिम तपसिलका योजनाहरुमा प्रति वडा ५० लाखका दरले विनियोजन गरी योजना कार्यान्वयन गर्ने निर्णय गरियो।

**तपसिल**

| क्र.सं. | योजनाको नाम | वडा नं. | रकम |
|---|---|---|---|
| १ | बैरिया हाट बजार देखि उत्तर जाने बाटो | १ | ५० लाख |
| २ | ४ नं. देखि नेपाल श्रमबद्ध श्रमिक निर्माण संघको सडक तर्फ | | |
| ३ | राजमार्ग देखि कुमिया टोल सडक | | |
| ४ | पिपरा मिलनचोक देखि दक्षिण गाउँ सम्मको सडक | २ | ५० लाख |
| ५ | पिपरा राधाकृष्ण मन्दिर देखि तिनैया जाने सडक | | |
| ६ | कलौनी चोक देखि गोवडिहवा तर्फ जाने सडक | | |
| ७ | कर्महना-तिल्कहना-बभनी सडक | ३ | ५० लाख |
| ८ | हरिहरपुर देखि चम्कीपुर जाने सडक | ४ | ५० लाख |

| क्र.सं. | योजनाको नाम | वडा नं. | रकम |
|---|---|---|---|
| ९ | गजेहडा सिद्धार्थ मा.वि. देखि मधौलिया जाने मूल सडक सम्मको सडक | | |
| १० | दरखास्त गोलो प्रतिक्षालय देखि मधु मल्ल चोक जोड्ने सडक | | |
| ११ | मधौली, मटेरिया, सिमलखोर, कोपवा र औरहिया गाउँको बाटो मर्मत | ५ | ५० लाख |
| १२ | अमौली सडक | ६ | ५० लाख |
| १३ | बैदौली देखि झुलनीपुर सडक | | |
| १४ | बनगाई थारू गाउँदेखि मोतिपुर डाँडा हुँदै मोतिपुर जोड्ने सडक मर्मत कालोपत्रे | ७ | ५० लाख |
| १५ | चप्परगाउँ- लौगाई- मधुवन सडक | | |
| १६ | ढोडेकोल- धवेला- वण्डौली-भाटा सडक | ८ | ५० लाख |
| १७ | बोडगाउँ- वालापुर सडक | | |
| १८ | बर्दहवा भिम बहादुर बस्नेतको घरदेखि कोटिहवा बालविकास अगाडिसम्म | | |
| १९ | शुद्धोदन जनजीवन मा.वि. पूर्व गाउँसम्म र दक्षिण नव प्रभात सहकारी सम्म | ९ | ५० लाख |
| २० | भर्तापुर केवल कुँवरको घरदेखि उत्तर १५० मिटर | | |
| २१ | पटना गाउँ पशिचम पुल देखि वडा कार्यालय सम्म सडक मर्मत | १० | ५० लाख |
| २२ | बनकट्टी प्रतिक्षालय चोक देखि कोठी नदी सम्म सडक मर्मत | | |
| २३ | हथौसा मेला स्थल देखि वडा कार्यालय जाने सडक | ११ | ५० लाख |
| २४ | ओदारी देखि भड्सड्वा हुँदै प्रगतिनगर जाने सडक | | |

**प्रस्ताव नं. २.९ सिमा विवाद सम्बन्धमा,**
**निर्णय नं. २.९** गाउँपालिका तथा नगरपालिका र वडाको संख्या तथा सिमाना हेरफेर र नगरपालिका वर्गिकरणको पुनरावलोकन सम्बन्धी मापदण्ड, २०८३ तथा भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं.१३८ मिति २०८३।०३।१२ गतेको तत् सम्बन्धमा जानकारी सम्बन्धमा भन्ने परिपत्रको सन्दर्भमा छलफल भई आवश्यक प्रकृया अगाडी बढाउने निर्णय गरियो।

**प्रस्ताव नं २.१०. स्वदेशी उत्पादनलाई प्राथमिकता दिने सम्बन्धमा,**
**निर्णय नं. २.१०** प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं. प्र.शा./३११/८१९, मिति २०८३।०५।०३ गतेको स्वदेशी वस्तुको प्रयोग सम्बन्धमा भएको परिपत्रको विषयमा छलफल भयो, निश्कर्षमा स्वदेशी वस्तु उत्पादन र प्रयोगलाई यस बाणगङ्गा नगरपालिकाले प्राथमिकतामा राख्ने निर्णय गरियो।

**प्रस्ताव नं २.११ भूमि सम्बन्धी तथ्याङ्क रुजुको लागि सूचना जारी गर्ने सम्बन्धमा,**
**निर्णय नं. २.११** भूमिहिन दलित, भूमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरूको NALCIS System मा प्रविष्टि गरिएका निवेदनहरूको विवरण फरक परे नपरेको रूजु गर्नका लागि वडा तहमा १५ दिने सार्वजनिक सूचना जारी गर्ने निर्णय गरियो।

**प्रस्ताव नं २.१२ पशुपन्छी विकास कार्यक्रम संचालन कार्यविधि, २०७७ सम्बन्धमा,**

**निर्णय नं. २.१२** बाणगङ्गा नगरपालिकाको विधायन समितिबाट संसोधनको लागि सिफारिस भई आएको पशुपन्छी विकास कार्यक्रम संचालन कार्यविधि, २०७७ को अनुसुची ७ संसोधन गर्ने निर्णय गरीयो।

**प्रस्ताव नं. २.१३ LGPAS सम्बन्धमा,**

**निर्णय नं. २.१३** आर्थिक वर्ष २०८२।०८३ को नियमानुसार प्रविष्ट गर्दा देहायको विषय शिर्षकमा देहाय बमोजिम नतिजा प्राप्त भएकोले पुनरावलोकनको लागि जिल्ला समन्वय समिति, कपिलवस्तुमा पठाउने निर्णय गरियो।

| सि.नं. | विषयक्षेत्र | सूचकको अंक | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १ | सुशासन तथा संस्थागत विकास | ४० | ३८.४ | |
| २ | सामाजिक विकास | २० | १९ | |
| ३ | आर्थिक विकास | २० | १८.९ | |
| ४ | पूर्वाधार विकास | १० | ८.९ | |
| ५ | वन वातावरण तथा विपद् व्यवस्थापन | १० | ९.७ | |
| जम्मा | | | ९४.९ | |

**प्रस्ताव नं २.१४ विविध,**

**निर्णय नं. २.१४.१** बाणगङ्गा नगरपालिकाको सेवा प्रवाहमा श्रावण महिनामा प्राप्त जनगुनासो तथा त्यसको कार्यान्वयनको अवस्थाको बारेमा छलफल भयो सो अनुसार प्राप्त गुनासाहरु क्रमशःसम्बोधन गर्दै जाने निर्णय गरियो।